महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
हल्दिबारी गाउँपालिका
झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. १)

पत्र संख्याः २०७८।७९
च.नं. ४१४ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू
हल्दिबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

कैफियतसहितको राय

हामीले हल्दिबारी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू. ३ करोड २२ लाख ६२ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ६५ लाख ७६ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६१ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू. ८३ लाख ७५ हजार र पेश्की रू. ५ लाख ७१ हजार रहेको छ ।पालिकाको गत वर्ष रु. ३ करोड ९२ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड ६३ लाख ६७ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
३. गाउँ पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

हल्दिबारी गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु							
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५१	३२	३२२६२	०	५	६५७६	५१	२७	२५६८६	५८२	८३७५	१६१५८	०	०	२४५३३	५७१

अद्यावधिक बेरुजुस्थिति
२०७७।७८

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
हल्दिबारी गाउँपालिका, झापा	३९२४१	०	१८५६०	२०६८१	०	२५६८६	४६३६७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हल्दीबारी गाउँपालिका, झापा , हल्दीबारी गाउँपालिका , झापा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रविन दहाल	२०७७-५-२५	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	विजय इङनाम	२०७७-४-१	२०७७-४-२६
लेखा प्रमुख	दिपक भट्टराई	२०७८-९-१	
लेखा प्रमुख	हेमराज वन	२०७७-१०-६	२०७८-३-३१
लेखा प्रमुख	चुडा वोहोरा	२०७७-४-१	२०७७-९-७
		बेरुजु रकम	२५,८६१,७३८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९९,३३,९६४.९५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३१,७४,७५,४१७	**चालु खर्च**	३९,७७,५४,८६५.७८
प्रदेश सरकारबाट अनुदान	१,७२,६७,५४८	**पूँजीगत खर्च**	१७,८५,३५,४०२.५
राजश्व बाँडफाँट	७,१३,६७,०२८.४५	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	१,९२,४७,१६१.३८		
अन्य आय	१७,०६,५०,८८१.५		
कुल आय	५९,६०,०८,०३६.३३	**कुल खर्च**	५७,६२,९०,२६८.२८
बाँकी मौज्दात		२,९६,५१,७३२.९२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थापन, उद्देश्य र कार्यक्षेत्रः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११७.३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ५ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या २९ हजार २ सय २३ रहेको छ ।	
२			**वित्तीय प्रतिवेदन**	

हल्दीबारी गाउँपालिका								
गाउँ कार्यपालिकाको कार्यालय झापा								
कार्यालयको कोड : ८०११२५०७३००								
वित्तीय प्रतिवेदन								
आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१								
प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७०२३७४५८७	५९६००८०३६		५९६००८०३६	५४८५४०५०६		५४८५४०५०६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४९५१८५७४१	४२५३५७१५५	०	४२५३५७१५५	३८१३०८७८९	०	३८१३०८७८९
११००० कर	११	९४१३३८९०	७६३२८७७४	०	७६३२८७७४	५९७६९४२८	०	५९७६९४२८
१३००० अनुदान		३५६०००८१०	३३४७४२९६५	०	३३४७४२९६५	३१४३७३०००	०	३१४३७३०००
संघीय सरकार	१२	३३८७०८८१०	३१७४७५४१७	०	३१७४७५४१७	२८२२१८०००	०	२८२२१८०००
प्रदेश सरकार	१२	१७२९२०००	१७२६७५४८	०	१७२६७५४८	३२१५५०००	०	३२१५५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			१४००० अन्य राजस्व		४५०५१०४१	१४२८५४१६	०	१४२८५४१६	७१६६३६२	०	७१६६३६२	
			ख. अन्य प्राप्ति		२०७१८८८४५	१७०६५०८८१		१७०६५०८८१	१६७२३१७१६		१६७२३१७१६	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		९९५७८४५	८४५७९८५	०	८४५७९८५	१७८७२१२६	०	१७८७२१२६	
			धरौटी		०	८०६७६९०	०	८०६७६९०	५७२८६१२	०	५७२८६१२	
			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		१९७२३१०००	१५४१२५२०६	०	१५४१२५२०६	१४३६३०९७८	०	१४३६३०९७८	
			भुक्तानी (ग+घ)		७३५४९५२४९	५७६२९०२६८		५७६२९०२६८	५५५६८५६५०		५५५६८५६५०	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		५२८३०६४०३	४१४४२९६९२		४१४४२९६९२	३९३५७००७०		३९३५७००७०	
			२१००० पारिश्रमिक / सुविधा	१८	१४२२४४८१०	१३५०१६५५५	०	१३५०१६५५५	४३००९८५५	०	४३००९८५५	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	११९३३४५११	९०४२२२९७	०	९०४२२२९७	१६६०६३९८३	०	१६६०६३९८३	
			२५००० सहायता (Subsidy)	१८	३४६४०००	२५२९०७५	०	२५२९०७५	२२८१४४३	०	२२८१४४३	
			२७००० सामाजिक सुरक्षा	१८	७०५५०००	६३९५०००	०	६३९५०००	०	०	०	
			२८००० अन्य खर्च	१८	१८२०६६२	१५३१३६२	०	१५३१३६२	१४९७३१३	०	१४९७३१३	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२५४३८७४२०	१७८५३५४०३	०	१७८५३५४०३	१८०७१७४७६	०	१८०७१७४७६	
			घ. अन्य भूक्तानी		२०७१८८८४५	१६१८६०५७६		१६१८६०५७६	५५५६८५६५०		५५५६८५६५०	
			कोषहरु		९९५७८४५	७५४६६९०	०	७५४६६९०	१७७५४४६८	०	१७७५४४६८	
			धरौटी		०	१९००००	०	१९००००	७३०१३५	०	७३०१३५	
			संघीय प्रदेश सरकार वा अन्य		१९७२३१०००	१५४१२५२०६	०	१५४१२५२०६	१४३६३०९७८	०	१४३६३०९७८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			कार्यक्रम									
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-१३२०		-१३२०				
			ङ. यो वर्षको बचत (न्युन)		-३३१२०६६२	१९७१७७६८		१९७१७७६८	-७१४५१४५		-७१४५१४५	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			९९३३९६५		९९३३९६५	२२७९२४८१		२२७९२४८१	
			वर्षान्तको बाकी रकम (ङ + च)		-३३१२०६६२	२९६५१७३३		२९६५१७३३	१५६४७३३६		१५६४७३३६	
			बैंक तथा नगद बाकी	२४		२९६५१७३३		२९६५१७३३	८१४९३३३		८१४९३३३	
३			**वित्तीय प्रतिवेदनको विष्लेशण** **वित्तीयविवरणविश्लेषण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२)मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाटस्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदनगर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएकोछः • नीयकोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपतार शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोषव्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार जस्तै अन्तर सरकारी अख्तियारी तथा गरीवि निवारण कोष तथा कार्यसंचालन कोष सुत्रमा समावेश नभएको. • विविध खर्च खाता तथा प्रकोप व्यवस्थापन कोष लगायत वैक नगदी किताव अध्यावधिक रहेको देखिएन। लेखापरीक्षणका क्रममा वित्तिय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।									
४			**वित्तीय विवरण**									
४.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था वमोजिम गरेको देखिएन।									

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.२			सुत्रको प्रयोग: गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन।	
४.३			गत वर्षको वित्तीय विवरणमा रु ९५७६३१८।९५ मौज्दात देखाएकोमा यसवर्षको वित्तीय प्रतिवेदन अनुसार यस वर्षको शुरु मौज्दात रु ९९३३९६४।९५ रहेको छ। गतको वर्षको भन्दा रु ३५७६४६ वढि मौज्दात कायम गरेको छ। वढी जिम्मेवारी सारेको रकम यकिन हुनुपर्दछ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली**	
५.१			• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने सो गरेको पाईएन। • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ । • आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ७९ अनुसूची ११ वमोजिम कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, •सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन। • वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन। • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएकोपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगतकार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले सो वमोजिम गरेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			सूचना प्रविधी पद्धतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।	
५.३			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे ता पनि अद्यावधिक राखेको देखिएन।	
५.४			म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन।	
५.५			बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन।	
६			**बजेट तथा कार्यक्रम**	
६.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले मिति २०७७।०३।१० मा वजेट सभा समक्ष पेश गरी उपादक्षको सभाअदक्षतामा सोही दिन वजेट सातौ गाउँ सभाले पारीत गरेको छ। साथै मिति २०७७ साउन २६ गते गाउँसभाले प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारि दिएको देखियो। स्थानिय तहका अध्यक्षले मिति २०७७।७।२८ मा प्रमुख प्रशासकीय प्रमुखलाई अख्तियारी प्रदान गरेको देखियो। कानुनमा भएको व्यवस्था वमोजिम समयमा नै अख्तियारी प्रदान गर्नु पर्दछ।	
६.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			क्षेत्रगत बजेट र खर्च: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

सि.नं.	क्षेत्र/उप क्षेत्र	विनियोजन		खर्च	खर्च (%)	कुल खर्चमा क्षेत्रगत खर्च %
१	आर्थिक विकास	४३३८५१५३	८	२८७५७२३५	६६.२८	६.९४
२	सामाजिक विकास	२२७०५३४८५	४३	२०३४१५४०५	८९.५९	४९.०८
३	पूर्वाधार विकास	१८३०९८६६४	३५	११३४०९५८९	६१.९४	२७.३७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२१०१५०७९	४	१८६२८५७२	८८.६४	४.४९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	५३७५४०२२	१०	५०२१८८८८	९३.४२	१२.१२
	कुल जम्मा	५२८३०६४०३		४१४४२९६८९	७८.४४	१००.

कुल विनियोजित वजेटको ७८.४४ प्रतिशत मात्र खर्च भएको देखिन्छ। जस मध्ये कुल खर्चको कार्यसंचालन तथा प्रशासनिक खर्चमा १२.१२ प्रतिशत र विनियोजित वजेटको ९३.४२ प्रतिशत खर्च भएको छ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.४			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन।	
७			**खरिद व्यवस्थापन**	
७.१			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गरे गर्नुपर्ने व्यवस्था भएकोमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन। कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।	
७.२			सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६५ अनुसार सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले रु १८१६८८१२ रकमको खानेपानीको पाईप खरिद गरेकोमा गुणस्तर परीक्षण गरेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.३			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन।	
८			**शिक्षा तर्फः**	
८.१	३५	२०७७-११-७	**प्रतिवेदन पेशन भएकोः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ को क्रियाकलाप ९.६ मा छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट रुपमा रु ६ लाख ५० हजारका दरले अनुदान दिन, उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने लाइब्रेरीका लागि आवश्यक पर्ने सामग्री जस्तै पुस्तक र्‍याक, बसाइ व्यवस्थापनका लागि कुर्सी टेवल लगायतका सामग्रीहरु व्यवस्था गर्नु कुल वजेटको २० प्रतिशतसम्म बजेट सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्ने, विद्यालयले खरिद गरिएको सामाग्रीको सूची अनिवार्य रुपमा स्थानीय तहमा पेश गर्नुपर्ने साथै विद्यार्थीको दैनिक पठनपाठनसँग असम्बन्धित र असानदर्भिक पुस्तक तथा सामाग्रीहरु खरिद गर्न नपाइने उल्लेख छ । तर महेन्द्र मा.वि. लाई पुस्तकालय संचलान गर्न एकमुष्ट रुपमा रु. ६५००००/- भुक्तानी भएकोमा विद्यालयबाट प्राप्त विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन रु ४८८८७५/- को मात्र विल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएकोले बाँकी रकम रु १६११२५/- असुल उपर गरि दाखिला गर्नुपर्ने रु	१६१,१२५
८.२			**कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोः** कार्यक्रम कार्यक्रम पुस्तिका आ.व. २०७७/७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा नमुना विद्यालय अन्तरगत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप तल उल्लेखित विद्यालयहरुलाई निकासा दिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष देहायका विद्यालयलाई निकासा भएको रकमको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न गरेको प्रतिवेदन पेश हुनुपर्ने रु.	१,८००,०००

गो.भौ.नं.	मिति	कार्यक्रम	विद्यालयको नाम	रकम
५७	२०७८।३।२९	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	पञ्चायत माध्यमिक विद्यालय	१८०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.३			**निजी विद्यालय व्यवस्थापनः** स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ११(ज) मा पालिकाले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा नियमन तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले पालिका भित्र संचलान भएका निजी विद्यालय संचालन , शुल्क निर्धार तथा नियमन गरि प्रतिवेदन पेश नगरेको हुँदा यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.४			**बढी निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ अनुसार प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई, पाठ्य पुस्तक लगायतको रकम विद्यालयलाई निकासा गर्दा अद्यावधिक इमिस तथ्यांकका आधारमा सत्यपान गराई विद्यार्थी संख्याका आधारमा निकासा दिने व्यवस्था रहेकोमा देहायका विद्यालयले पेश गरेको दिवा खाजा कार्यक्रममा कक्षागत हाजिरी विवरण भन्दा इमिस तथ्यांकको विद्यार्थी संख्या बढी रहेको पाईयो । पालिकाले रकम निकासा गर्दा विद्यार्थी संख्या सत्यपान नगरी इमिस तथ्यांकको आधारमा विद्यार्थी संख्या बढी भएको देहायको विद्यालयहरुमा वुक कर्नर तथा कक्षा १-५ पाठ्य पुस्तक बापतको बढी निकासा हुन गएको रकम असुल उपर हुनुपर्ने रु.	६७,७५०

विद्यालयको नाम	दिवा खाजाका लागि पेश भएको हाजिरीमा विद्यार्थी	कक्षा १-५ सम्म निकासा भएको विद्यार्थी संख्या	बुक कर्नरमा वढी भुक्तानी	पाठ्य पुस्तकमा वढी भुक्तानी	जम्मा बढी भुक्तानी
महेन्द्र मा वि	१२२	१७८	८४००	२५५३६	३३९३६
सरस्वती मा वि	८४	९४	१५००	४३०४	५८०४
लक्ष्मी मा वि	२०७	१४१	५१००	२२९१०	२८०१०
जम्मा					६७७५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.५			**सामाजिक परीक्षणः** विद्यालयको सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका, २०६५ मा सरोकारवालाहरुमा विद्यालय प्रतिको आपनत्वको विकास गर्ने प्राप्त साधनस्रोतको मितव्ययी ढंङ्गले उपयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न विद्यालयका गतिविधिलाई पारदर्शि र उत्तरदायी बनाई गुणात्मक शिक्षाको सुनिश्चितताको लागि बिद्यालयको समग्र गतिबिधिको समिक्षात्मक लेखाजोखा गर्न सामाजिक परीक्षण समितिले गत आ.व.को सामाजिक परीक्षण सम्पन्न गरी तयार पारिएको विद्यालयको प्रतिवेदन सरोकारवालाहरुको भेला गराई प्राप्त सुझाब र छलफलको निश्कर्षलाई समेत आफ्नो प्रतिवेदनमा समावेश गरी भाद्र मसान्तभित्र विद्यालय श्रोत केन्द्रमा पेश गर्नुपर्ने ब्यवस्था छ । पालिकाको विद्यालयहरुको सामाजिक परीक्षण प्रतिवेदन उपर आवश्यक लेखाजोखा गरेको देखिएन । कार्यविधि वमोजिम सामाजिक परीक्षण प्रतिवेदनको समिक्षात्मक लेखाजोखा गरी सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गरिनु पर्दछ ।	
९			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १० उजुरी तथा विवाद जिम्मेवारी सारेको तथा २४ विवाद दर्ता भइ जम्मा ३४ विवाद भएकोमा २६ वटा फछ्र्यौट भई ८ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०			**पदाधिकारी सुविधा**	
१०.१			**विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाको आन्तरिक आम्दानी रु १२४६७४४६/- भएकोमा विविध खर्च रु. २४१८९५०/- अर्थात १९.३९ प्रतिशत भएको छ । पालिकाले विविध खर्च नियन्त्रण गरी उत्पादनशिल क्षेत्रमा खर्च गर्नेतर्फ ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.२			**आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. २३४७८००/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१०.३			**पदाधिकारी यातायात खर्च**- गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) को क्र.सं. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्ष, वडाध्क्षय, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई क्रमश मासिक रु १००००/-, ४०००/-, २५००/- र २०००/- यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ । नमुना परीक्षणको क्रममा गाउँपालिकाको जिन्सी अभिलेख अनुसार देहायका पदाधिकारीहरुले मोटरसाईकल वुझिलिई सवारी साधन सुविधा लिएको र मासिक रुपमा यातायात खर्च समेत भुक्तानी भएको देखिएकोले दोहोरो सुविधा उपलब्ध भएको हुँदा दोहोरो सुविधा लिने पदाधिकारीहरूबाट निम्नानुसारको रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. क्र.सं. / पदाधिकारीको नाम / मासिक भुक्तानी / वार्षिक भुक्तानी कर बाहेक १ / वडा नं. १ अध्यक्ष त्रिलोचन सापकोटा / ४००० / ४७५२० २ / वडा नं. २ राजेन्द्र योङहाङ / ४००० / ४७५२० ३ / वडा नं. ३ रोशन सिवाकोटी / ४००० / ४७५२० ४ / वडा नं. ५ शेरबहादुर नेम्बाङ / ४००० / ४७५२० / जम्मा / १६००० / १९००८०	१९०,०८०
११			**कोभिड-१९ तर्फ**	
११.१	१२५	२०७८-३-२८	**फरक शीर्षकमा खर्चः** कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ६(१) मा कोरोना भाइरस(कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटिएका जनशक्तिलाई प्रदेश तथा स्थानीय तहले खटाएको हकमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारले नै जोखिम भत्ताको व्यवस्था गर्नुपर्ने उल्लेख छ । तर पालिकाले पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कोभिड-१९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी लगायतको २०७८ असार मसान्त सम्मको प्रारिश्रमिक शीर्षकबाट रु. ५०००००/- र स्वास्थ्य संस्था नभएको वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन खर्चबाट रु. ३९९५७८/- कोभिड-१९ मा खटिएका कर्मचारीहरुलाई जोखिम भत्ता वापत जम्मा रु. ८९९५७८/- भुक्तानी गरेको छ । पालिकाले जोखिम भत्ता व्यवस्थापन गरी खर्च गर्नु पर्नेमा सर्शत अनुदानबाट गरेको खर्च नियमसंगत नदेखिएको रु.	८९९,५७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.२			**कोभिड १९/ प्रकोप व्यवस्थापन कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार विषेश परिस्थितिमा ऐनको दफा ६६ बमोजिम एक तहमाथिको स्वीकृति लिएर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण गुणस्तर परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समय अवधिका लागिमात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी आपूर्ति गर्दा परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यका लागि वार्ता गरी खरिद गर्नुपर्ने खरिद गर्दा विशेष परिस्थिति सम्बन्धी विवरण तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा हित तथा समुदायिक स्वास्थ्यमा पर्ने संकट र खरिदका अन्य विधि अपनाउन नसकिने कारण आधार खुलाउनु पर्ने त्यस्तै सार्वजनिक निकायले रु. १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्ने व्यवस्था छ । तर यस कार्यालयले कोभिड १९ नियन्त्रणका लागि आवश्यक पर्ने औषधिजन्य तथा क्वारेन्टाइन व्यवस्थापन लगायत सामाग्री खरिद गर्दा लागत अनुमान समेत तयार नगरी खुला दररेट माग गरी तथा सोझै खरिद गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
११.३			**जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी मालसामानको जिम्मा, लगत र संरक्षण सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन र आइसोलेसन व्यवस्थापनमा खरिद गरी प्रयोग भएका सामाग्रीको व्यवस्थापन तथा संरक्षण भएको देखिएन । भविष्यमा हुन सक्ने विपद् तथा जोखिम व्यवस्थापनका लागि पुन प्रयोग हुन सक्ने सामाग्री संरक्षण तथा व्यवस्थापन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।	
११.४			**खोप विवरणः** यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप देहाय बमोजिम खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार पालिकामा विभिन्न नामका खोपहरु २७९६९ प्राप्त गरी २६७०४ प्रयोग भइ ४७५ फिर्ता भएको र ७९० डोज मौज्दात देखिएको देखिएको छ । मौज्दात खोपको प्रयोग गरी कोभिड-१९ नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.५</td><td></td><td></td><td>आय तथा व्यय विवरणः आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>आम्दानी /श्रोत</th><th>रकम</th><th>खर्च शीर्षक</th><th>रकम</th></tr>
<tr><td>गत वर्षको बाँकी</td><td>०</td><td>राहात वितरण</td><td>४९६१६०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै श्रोतबाट</td><td>३९३०१२४</td><td>क्वारेन्टाइन निर्तमाण तथा व्यवस्थापन</td><td>८९९२९०</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>१००००००</td><td>औषधि एवं स्वास्थ्य उपकरण खरिद</td><td>९९१२७३</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>३०००००</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>९६७९८५</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>१४००००</td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जनशक्ति व्यवस्थापन</td><td>१२७४८१२</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>७४०६०४</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>५३७०१२४</td><td>जम्मा</td><td>५३७०१२४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>संगठन तथा व्यवस्थान</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>संगठन तथा व्यवस्थापन सर्वेक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुने व्यवस्था छ । पालिकाले हालसम्म पनि आफ्नो तथा मातहतको कार्यालहरुको संगठन तथा व्यवस्थापन कार्य गरी दरवन्दी एकिन गरेको पाइएन । कार्यालयले कानुन बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरवन्दी एकिन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.२			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामका लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न २४ पदमा ५८ जना कर्मचारीहरु करारमा नियुक्ति गरी रु.१११०२०१० खर्च लेखेको छ । पालिकाले कार्यालय सहयोगी लगायत कर्मचारी दैनिक ज्यालादारीमा काम गराउदै आएको छ । त्यसैगरी सोही ऐनको, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा ११ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३३७१८१०/- भुक्तानी गरेको अनियमित देखिएको रु	३,३७१,८१०
१२.३			**तलबी प्रतिबेदन**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. २२८७३६९५- तलवमा खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।	
१२.४			**योजना छनौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने, ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने , घ) स्थानीय सहभागिता जुट्ने स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने, ङ) स्थानीय, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, ज) दीगो विकास,वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने,तसर्थ गाउँ पालिकाले दिग्दर्शन बमोजिम योजना छनौटगरी बजेट तर्जुमा गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।	

क्र.सं.	विवरण	निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	१७३५	१७३५
२	घरबाटो सिफारिस	१४४९	१४४९
३	नाता प्रमाणित	४६८	४६८
४	जन्म दर्ता	८२३	८२३
५	मृत्यू दर्ता	२६५	२६५
६	अन्य	४३८५	४३८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**राजस्व तर्फ**	
१४.१			**कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.२			**खोला ठेक्काः** स्थानीय सरकार संचलान ऐन, २०७४ को दफा ६४ तथा प्रदेश आर्थिक ऐन, २०७७ अनुसार गाउँपालकाले देउनिया खोला नदिजन्य सामाग्री उत्खनन् तथा विक्री ठेक्का ६०५० घ.मि. न्यूनतम कबोल अंक मूल्य अभिवृद्धि कर बाहेक रु. ११६६२५३/६० मा सूचना प्रकाशित गरी जेनिसा निर्माण सेवासँग रु. १३८४८७७।१५ मा ठेक्का संझौता गरेको छ । ढुंगा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ मा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र संकलन हुन नदिन संकलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट नापजाँच तथा रेखांकनका आधारमा उत्खनन् वा संकलनको क्षेत्र निर्धारण गरी लाइन लेभल समेत दिनुपर्ने, उत्खनन् वा संकलन गर्न स्वीकृत दिएको क्षेत्रको सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमति अनुगमन गर्नुपर्ने, उत्खनन्, संकलन वा ढुवानीकर्ताले उत्खनन्, संकलन वा ढुवानीगरेको परिमाण दैनिक अभिलेख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज भरि दैनिक रुपमा गाउँपालिका तथा नगरपालिकामा बुझाउनु पर्ने पर्ने व्यवस्था छ । तर पालिकाले सो अनुरुप अनुगमन तथा दैनिक अभिलेख तेरज प्राप्त गरेको छैन । त्यस्तै ठेकेदार कम्पनीलाई गाउँ कार्यपालिकाको मिति २०७८।३।२७ को निर्णय अनुसार वडा नं. २ मा रहेको भेलागढी बगर आसपासमा उत्खनन गर्दा सो क्षेत्रमापर्ने देउनिया खोलाको मोटरेवल पक्की पुलमा क्षति पुग्ने एवं क्षेत्रेमा बनजन्य सम्पदा समेत रहेको र बडा नं. ३ स्थित धोक्रे गाउँ बगरमा स्थानीयबासिबाट नदिजन्य सामाग्री उत्खनन् गर्न नदिएको कारण ठेक्का प्राप्त फर्मले नदिजन्य सामग्रीको ठेक्का रकममा छुट पाँउ भन्ने निवेदनका आधारमा भेलागढी बगरबाट १०२० घ.मि. र धोक्रेगाउँ बगरबाट १६०० घ.मि. गरी जम्मा २६२० घ.मि. मिक्स ग्राभेलको रु. ४४८५१७.२४ छुट दिएको छ । ठेकेदार कम्पनीको निवेदनका आधारमा कार्यपालिकाबाट छुट भएकोमा पालिकाबाट के कति रसिद छपाई तथा प्रमाणित गरि ठेकेदार कम्पनिलाई दिएको सो को अभिलेख रसिद नियन्त्र खाता म.ले.प. फारम नं ९०४ राखेको पाईएन । जसले गर्दा कति परिमाणमा नदिजन्य पदार्थ उत्खनन् भएको हो, के कति परिमाण छुट दिन पर्ने सम्बन्धमा एकिन गर्न सकिएन ।	
१५			**सम्पत्ति उपयोग र संरक्षण**	
१५.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७७ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।	
१५.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन।	
१५.३			पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्नुपर्छ। सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**पेश्की व्यवस्थापन** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्योट गर्ने सम्वन्धि व्यवस्था गरेको छ। पालिकाले निम्नअनुसारका कर्मचारी तथा संस्थालाई उपलव्धगराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानुनमा भएको व्यवस्था वमोजिम असुल फछ्र्यौट हुनुपर्ने रु	५७०,६१२

विवरण		म्याद ननाघेको	म्याद नाघेको
जय गढीमाइ कन्स्ट्रक्सन	मोविलाईजेशन	२२२५००	
श्री गजुरेल एण्ड गौतम निर्माण सेवा प्रा.लि.	मोविलाईजेशन	१०९४०००	
खनाल । एभरग्रीन जे. भी.	मोविलाईजेशन	४०९५६३७	
कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि.	मोविलाईजेशन	४१५००००	
देव एण्ड सायर सारा सृष्टि वाई.पी.आर जे.भी.	मोविलाईजेशन	४२३७५७४	
ओमकारेश्वर वैदिक विद्यापीठ गायत्रीस्वरुपाश्रम	वैकल्पिक विद्यालय साक्षरता र निरन्तरता शिक्षा कार्यक्रम		२४१०००
नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्र	विद्युत पोल सार्ने गोलधाप वजार कालोपत्रे		३२९६१२
जम्मा		१३७९९७११	५७०६१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**छात्रवृत्तिः** **भरपाई नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो रकमको विल भरापई प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले छात्रवृत्ति र शैक्षिक सामाग्री खरिदको लागि रु ११८२००/- निकासा भएकोमा रु ५००००/- को मात्र विल भरपाई पेश भएकोले बाँकी रकम रु को असुल उपरी गरी दाखिला गर्नुपर्ने रु	६८,२००

विवरण	निकासा रकम रु	विल भरपाई पेश भएको रु	बाँकी रकम रु
छात्रवृत्ति कार्यक्रम	९३२००	५००००	४३२००
शैक्षिक सामाग्री	२५०००	०	२५०००
जम्मा	११८२००	५००००	६८२००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**मेशिन संचालन** **जेसिवि संचालनः** पालिकालले यस वर्ष कार्यालय प्रयोजन तथा पदाधिकारी इन्धन वापत रु १३ लाख भुक्तानी गरेको छ । पालिकामा १ वटा जेसिवि रहेको छ । उक्त जेसिविमा पालिकाबाटै इन्धन तथा मर्मत खर्च हुने गरेको छ । उक्त जेसिवि संचालनका लागि पालिकाबाट कुनै कार्यविधि बनेको तथा निर्णयहरु भएका छैनन । पालिकाले लग वुक भरेको आधारमा जेसिवि संचालन भएको र जेसिवि संचलान गरी कति कार्य भयो यस सम्बन्धमा कुनै प्रतिवेदन पालिकाले पेश गरेको छैन । यसबाट पालिकामा आम्दानी समेत भएको छैन । पालिकाबाट जेसिविमा इन्धन तथा मर्मत खर्च गर्ने गरेता पनि म.ले.प.फा.नं ४१४ मर्मत संभार र संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ मर्मत संभार र संरक्षण अभिलेख खाता समेतको प्रयोग भएको देखिएन । पालिकाले जेसिवि संचालनलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनपर्दछ ।	
१९			**सेवा र परामर्श**	
१९.१			**डिपिआर खर्चः** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार रु. ३५७६८१०/-कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्यको विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण गरिएको आयोजनाको लागत
सहिद स्मृति लोकतान्त्रिक पार्कमा चिल्ड्रेन पार्क डिपिआर	अरनिको कन्स्ट्रक्सन एन स्ट्रक्चर डिजाइनर्स	१४०८७९७	९८५०००	६२४९९०८८
१५ शैयाको अस्पताल	विराट प्राविधि शिक्षा एवं परामर्श प्रा लि	१६१०३७५	१३७७०६०	२०९६३३०४४
गाउँपालिका भित्रका विभिन्न ४ सडक योजनाहरु	रेडपाण्डा इन्जिनियरिङ सर्भिसेस	१३०४५००	१२१४७५०	३०२७०६६४६

अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			**सफ्वेयर खरिदः** कार्यालयमा प्रयोगमा रहेका सफ्टवेयरहरु नेपाल सरकारको सूचना प्रविधि प्रणाली(व्यवस्थापन तथा सन्चालन) निर्देर्शिका,२०७१ को दफा ४ अनुसार सूचना प्रविधि विभागमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था छ । सूचना सुरक्षा नीति तयार तथा लागु गरी सूचना चोरी हुनबाट सुरक्षा प्रदान गरिनु पर्दछ। प्रणाली संचालनका लागि आवश्यक न्यूनतम तयारी पुरा गरेको हुनुपर्छ । प्रणाली सञ्चालन सम्बन्धी अधिकार तथा Supper User Right कार्यालयको नियन्त्रणमा रहेको हुनुपर्छ। कार्यालयले एकीकृत सूचना तथा सेवा व्यवस्थापन प्रणाली विकास गर्न नेशनल इन्कुवेसन एण्ड रिसर्च सेन्टर प्रालिसँग मिति २०७७आश्विन २५गते रु.१४८८३२३/- मासम्झौता गरी भुक्तानी भएको छ । सम्झौताअनुसार प्रणालीको मर्मतसम्भार गर्न प्रत्येक वर्ष करार नवीकरण गर्नुपर्ने र मर्मत खर्च प्रत्येक वर्ष कार्यालयले रु २२३२४८/-रुपैया समेत भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना गरेको छ । तथ्यांक भण्डारणको लागि server/space तथा cloud समेत कार्यालयले उपलव्ध गराउनु पर्ने व्यवस्था संझौतामा गरेको छ । तर कार्यालयले सूचना प्रविधि विभागमा उक्त प्रणालीअभिलेखिकरण गरेको नदेखिएकोले अभिलेखिकरण गरिनु पर्दछ ।	
२०			**कर्मचारी बीमा तथा कल्याणकोष**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०.१			**कर्मचारी कल्याण कोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा रु. १०,००,०००। ट्रान्सफर गरेको छ । पालिकाले उक्त कोषको संचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन । यसरी कानुनको व्यवस्था नगरी कर्मचारीको योगदान विना अनुदान सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने आधार नदेखिएको रु	१,०००,०००
२०.२			**कर्मचारी बीमाः** सावधिक जीवन वीमा योजना वातप कार्यालयले कर्मचारीको तर्फबाट मासिक रुपमा रु ४००/- कट्टा गरी त्यतिनै रकम नेपाल सरकारले थप गरी नेपाल सरकारबाट स्वीकृत भएको कोषमा जम्मा गरी कर्मचारीको बीमा व्यवस्थापन गर्ने गरेको छ । तर पालिकाले लाईफ इन्सुरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बीमा नविकरण शुल्क वापतको रसिद पेश गरी देहायको कर्मचारीहरुले पालिकाबाट भुक्तानी लिएको देखिन्छ । यसरी कार्यालयबाट व्यक्तिगत बीमाको प्रिमियम शुल्क भुक्तानीमा कुनै कानुनी आधार देखिन्दैन । उक्त वीमा नविकरण शुल्क वापत कार्यालयबाट भुक्तानी हुनुपर्ने आधार/प्रमाण पेश गर्नु पर्ने रु	३०,१४१

गोश्वरा भौचर नं	कर्मचारीको नाम	रकम
५८५-२०७८।३।२०	भजन बहादुर संग्रौला	११५१२
६२८-२०७८।३।३०	जय प्रसाद पोखरेल	११६८५
८०-२०७७।८।१५	राजन न्यौपाने	६९४४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१	५५१	२०७८-३-१४	**नाफामुलक संस्थालाई अनुदान** **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणममूखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष सिमित व्यक्तिहरुले मात्र लाभ पाउने नाफामुखी विनासर्त प्रभात बहुउदेश्य सहकारी संस्थालाई गो.भौ.नं. ५५१-०७८।३।१४ (गा.पा. चालू) बाट रु. ८७१०००/- भवन निर्माण कार्यको लागि अनुदान उपलब्ध गराएको रकम नियमसंगत नदेखिएको रु.	८७१,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**आन्तरि आय** **अनुमानमा घटी आय** - गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४५००००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१९१९२५४९।०० अर्थात अनुमानको तुलनामा ४२.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ। आयको अनुमान र वास्तविक प्राप्ति विच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ।	

सि.नं.	प्राप्तिको श्रोत	अनुमानित आय	वास्तविक आय
१	११३१४ - भुमिकर/मालपोत	७२६५६४०	४६१२२९७.०९
२	११३२१ - घरवहाल कर	४२०००००	३४९१५३.७८
३	११४५२- पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२६८६५००	०
४	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१००००००	०
५	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	५२०३१३७.४७	५१०२५७
६	१४२२५- यातायात क्षेत्रको आम्दानी	६३२१८१९	०
७	१४२४२- नक्सापास दस्तुर	१९५०८१६	४२९३९९.१
८	१४२४३ - सिफारिश दस्तुर	२५३७५००	१२८३२६४.८१
९	१४२४५- नाता प्रमाणित दस्तुर	१००००००	१०४५६२
१०	१४२४९ - अन्य दस्तुर	१७४२५००	१३३२२१८.५४
११	१४२५३- व्यावसाय रजिष्ट्रेशन दस्तुर	१५०००००	४४०८०२.३२
१२	१४२६५ - अन्य क्षेत्रको आय	३००००००	७४६९७९१.५
१३	१४३१२ -प्रशासनिक दण्ड जरिवाना र जफत	३२३५०००	८९,०८२
१४	१४५२९- अन्य राजस्व	३३५७०८८	२५७१७२१.७२
	जम्मा	४५००००००	१९१९२५४९.८६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**कार्यक्रम तर्फ**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>विल भरपाई पेश नभएको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । तर पालिकाले देहायका कार्यक्रम संचालन गरेकोमा उल्लेख भए बमोजिमका आवश्यक प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नु पर्ने रु
<table>
<tr><th>गोश्वरा भौचर नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६९२-२०७८।३।३० गा.पा। चालु</td><td>वडा नं. कार्यालयबाट १४ थान त्रिपाल रु. ९८०००/- र Agritech GA-161 १९ पिस रु. ९६९००/- मा खरिद गरि वितरण भएकोमा वितरणको भरपाई पेश हुनुपर्ने रु.</td><td>१९४९००</td></tr>
</table></td><td>१९४,९००</td></tr>
<tr><td>२३.२</td><td>640 गा पा चालु</td><td>२०७८-३-२६</td><td>कृषि विद्युत महशुल अनुदान: पालिकाले कृषक समुह तथा विपन्न वर्गलाई विद्युत वाईरिङ र मिटर जडानको साथै कृषि कार्यको लागि खपत भएको विद्युतको विल समेत भुक्तानी ५०/५० प्रतिशत अनुदानमा संचालन गरी यस वर्ष रु १८७१२८/७३ खर्च गरेको छ । यसरी विद्युत खपत वापतको कृषकहरुको विल भुक्तानी गर्दा गत विगत देखि भुक्तानी गर्न बाँकी रकम समतेको भुक्तानीमा गाउँपालिकाले रु६४८२/- जरिवाना शुल्क भुक्तानी गरेको छ । जरिमाना भुक्तानी भुक्तानी दिएको रकम पालिकालाई बढी व्यय भार परेकोले असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>क्र. सं.</th><th>कृषकको नाम</th><th>कृषि कार्यमा खपत भएको विद्युत महसुलको ५० प्रतिशत भुक्तानी</th><th>भुक्तानी मध्ये जरिमाना भुक्तनी भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>महादेव अधिकारी</td><td>११२८८</td><td>१९८१</td><td>जरिमाना भुक्तानी</td></tr>
<tr><td>२</td><td>लालजित राई</td><td>४७००</td><td>९२७</td><td>जरीमाना भुक्तानी</td></tr>
<tr><td>३</td><td>पिङ्गला देवी दाहाल</td><td>३४१३</td><td>११८३</td><td>जरीमाना भुक्तानी</td></tr>
<tr><td>४</td><td>होमनाथ गौतम</td><td>८४८६</td><td>१४०९</td><td>जरीमाना भुक्तानी</td></tr>
<tr><td>५</td><td>जित बहादुर फागो</td><td>५४३१</td><td>९८२</td><td>जरीमाना भुक्तानी</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६४८२</td><td></td></tr>
</table></td><td>६,४८२</td></tr>
<tr><td>२३.३</td><td>160</td><td>२०७८-३-३०</td><td>कार्यसम्पन्न पेश नभएको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले लोक कल्याण गोवरग्यास प्रा.लि.लाई ४ वटा गोवरग्यास प्लान्ट जडान गरेवापत गो.भौ.नं.१६०-२०७८।३।३०(संघीय सशर्त)बाट रु. ८८०००/- भुक्तानी भएको छ । तर उक्त कार्यको नापी किताव, तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त कार्य भएनभएको एकिन हुन सकिएन । गोवरग्यास प्लान्ट जडान भएको भन्ने प्राविधिकको प्रतिवेदन बेगर भुक्तानी दिएको हुदा प्राविधिकको प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>८८,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.४	३२	२०७७-११-५	**दिवा खाजा कार्यक्रमः** स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयलमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने, विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पछ्चात मात्र अनुदान दिने व्यवस्था उल्लेख छ । तर पालिकाले लक्ष्मी मा वि लाई दिवा खाजा बापत रु. २१४८९०/- निकासा दिएकोमा रु. १६३०८०/- बराबरको मात्र हाजिरी बिवरण पेश गरेको र रु ९४२० वेरुजु खातामा फिर्ता भएकोले बाँकी रकम रु ४२३९०/- को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु	४२,३४०
२४			**भुक्तानी दिन वांकीको विवरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) मा उपनियम १५ मा उल्लेखित तलव महगिभत्ता सरुवा भ्रमण खर्च घरभाडा पोशाक खाध्यान्न औषधि उपचार बिरामी र बन्दीको सिधा सेवा निवृत सुविधा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसैग सैझौता वमोजिमको रकम चालू बर्षको बजेटले नखामेको खर्च खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलगरन विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनेगरी महालेखा परीक्षकवाट स्वीकृत ढांचामा भुक्तानी दिन वांकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र प्रमाणित गरी राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले मलेप फारम नं २७२ को अनुसुची २० रु २१०६५०५७ रकम भुक्तानी दिन वांकिको विवरण समावेश गरेको छ। तर भुक्तानी पाउनेको नाम प्रयोजन विलको मिति लगायतका विवरण नखुलाई तथा विल विजक समेत संलग्न नगरी प्रमाणीत नगरी नियमावलीमा उल्लेखित खर्च शिर्षक वाहेकको रकम समेत भुक्तानी दिन वांकीको विवरणमा उल्लेख गरेको देखियो। नियमावलीमा भएको व्यवस्था वमोजिमको दायित्वमात्र भुक्तानी दिन वांकीको विवरणमा समावेश गर्नुपर्छ।	
२५			**आन्तरीक लेखापरीक्षण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक लेखापरीक्षकवाट पालिकाको आर्थिक कारोवार संचालन गर्दै आएको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२६			**शिक्षक दरबन्दी र पदपूर्ति** नेपाल सरकार मन्त्रिपरिषद्बाट साबिकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दि तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड गरी दरबन्दी मिलान गर्ने मिति २०७६।५।४ मा भएको निर्णय बमोजिम शिक्षक दरवन्दी तथा पदपूर्ति देहाय वमोजिम छ । क्र.स. | विद्यालय संख्या | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्ति मध्ये अस्थायी/करार | विद्यार्थी संख्या १ | १७ | १६५ | १४५ | २० | ५८४१ उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा ३६ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।	
२७			**सामाजिक सुरक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.१			**परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७७ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया, स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।	
२७.२			**बैंकलाई रकम निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ५ मा बैंक मार्फत भत्ता वितरण सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यो वर्ष रु. १३०२५६८३३/- निकासा लिइ सबै वडाहरुको सामाजिक सुरक्षा भत्ता बैक मार्फत रु.१२७९१५९१७/- वितरण गरी बाँकी रकम रु. २३४०९१७/- वेरुजू खातामा दाखिला भएको छ । कार्यविधि अनुसार अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा पालिकाले सो अनुरुप भत्ता रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।	
२७.३			**परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया, स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।	
२८			**स्वास्थ्य तर्फ**	
२८.१	101	२०७८-३-२२		४०,१५८
२८.२			**निशुल्क औषधी खरिदः** पालिकाले यस वर्ष सशर्त अनुदान, गाउँपालिका खरिद भएको तथा स्वास्थ्य कार्यालयबाट प्राप्त औषधीहरु स्वास्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई हस्तान्तरण गरी पठाएको छ । औषधीहरुको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा विवरण माग गरिएकोमा पालिकाले आर्थिक वर्ष २०७७।७८ मा उपलव्ध गराएको २७ औषधि खरिद भइ स्वास्थ्य केन्द्रहरुमा पठाइको छ । पालिकाले निशुल्क वितरणको लागि आवश्यक पर्ने औषधीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको स्थानीय तहबाट संचालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०७५/७६ अनुसार अथोराइज्ड स्टक लेभल (ASL) र इमर्जेन्सी अर्डर पोइन्ट (EOP) निर्धारण र सोको आधारमा औषधीको आपूर्ति र वितरण व्यवस्था मिलाउनुपर्दछ ।	
२९			**सोझै खरिद**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>सोझै खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरीद गर्न नहुने नियम ८५ अनुसार रु ५ लाख सम्मको मात्र मालसामान लागत अनुमान तयार गरी सुचिकृत तीनवटा फर्म वा कम्पनी संग दररेट माग गरी खरिद गर्न सकिने व्यवस्था गरेको छ । तर गाउँपालिकाले निम्न अनुसारको खरिद गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक एउटै तथा विभिन्न फर्मबाट देहाय अनुसार खरिद गरिएको देखिएको छ । खरिद प्रकृया अपनाउँदा प्रतिस्पर्धा सिमित हुनेगरी कानुनको पालना नगरी खर्च गरेको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>आपूर्तिकर्ताको नाम</th><th>खरिद सामान</th><th>रकम</th></tr>
<tr><td>२०७७/१०/०९</td><td>२४</td><td>व्राईट सन कम्पनी</td><td>६ सेट सोलार बत्ति जडान</td><td>४९७३४०</td></tr>
<tr><td>२०७७/१२/११</td><td>६३</td><td>व्राईट सन कम्पनी प्रालि</td><td>४ सेट सोलार वत्ति र ५० वाट एसी लाईट जडान</td><td>४२११००</td></tr>
<tr><td>१७-११-७७</td><td>३०६</td><td>मैनाचुली ह्युमपाईप उद्योग</td><td>np3-60 को32.5 रमि एनपी ३ ९० को २०रमि र एनपी३ १०५ को ५रमि खरिद</td><td>४५२११३</td></tr>
<tr><td>२०७८/०३/२८</td><td>१९७</td><td>मैनाचुली ह्युमपाईप उद्योगलाई भुक्तानी</td><td>ह्युमपाइप खरिद</td><td>२०००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१५७०५५३</td></tr>
</table></td><td>१,५७०,५५३</td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>चाप कटर खरिद: पालिकाले ५३ जना कृषकलाई ५० प्रतिशत अनुदानमा चापकटर वितरण गरेको छ। ५३ सेट मोटर सहितको चाप कटर खरिद गर्दा ५३ जना किसानको नाममा रु २५००० को दरले जम्मा रु १३२५००० को सुलभ अडर्स सप्लायर्सले विजक जारी गरेको छ। ५० प्रतिशत किसान आफैले वेहोरी वांकी ५० प्रतिशत रु ६६२५०० पालिकाले भुक्तानी गरेको छ। कार्यालय आफैले खरिद ऐन तथा नियमावली वमोजिम प्रतिपर्धात्मक विधि सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गरि वितरण गर्नुपर्नेमा किसानको नाममा विजक जारी गराई टुक्रापरी खरिद गरेको नियमसंम्मत नदेखिएको रु</td><td>६६२,५००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>खानेपानी पाईप गाड्ने कार्य:
खानेपानी पाईप गाड्ने कार्य: पालिकाले संघिय शसर्त कार्यक्रम अन्तर्गतको अल्पसंख्यक समुदाय (मेचेसथाल राजवंशी आदी) लक्षित खानेपानी वितरण कार्यक्रममा पाईप खरिद गरी मौज्दात रहेको रकमवाट पुन: मौज्दातमा रहेको पाईप गाड्ने कार्य गराएको छ। जुन कार्यको लागत अनुमान रु १९३९५७२।७८ भएकोमा सिद्धिदातृ ईन्जिनियरीङ एण्ड कन्सट्रक्सन प्रालिलाई रु१७८२४१७।९० मा उक्त कार्य गर्नकोलागि संझौता गरेकोमा रु १४७५११२।२३ मा कार्य सम्पन्न गरेको छ। उक्त कार्यको लागत अनुमान अनुसार जिन्सी मौज्दातवाट पालिकाले उपलव्ध गराई प्रयोग गर्नेगरी रहेकोमा ९०एमएमको पाईप ३८०० मिटर जडान गर्ने रहेकोमा ६८४ मिटरमात्र जडान गरेको छ। ७५ एमएम को ४८६५ मीटर जडान गर्ने रहेकोमा ११०४ मीटर मात्र जडान गरीएको ६३एमएमको ४८६५ मिटर जडान गर्नुपर्नेमा ४६०० मिटर मात्र जडान गरिएको र ५० एमएमको ४८६५ मिटर जडान गर्नुपर्नेमा ६०५० मिटर मात्र जडान गर्ने काम गरेको छ। साथै संझौतामा उल्लेख नै नभएको ४० एमएम पाईप मौज्दातको प्रयोग गरी गाड्ने कार्यको लागि मात्र भुक्तानी गरीएको छ। तर ४० एमएम पाईपको Laying and Joining कार्यको भुक्तानी गरेको छैन । उक्त कार्यको जम्मा रु १४७५११२।२३ भुक्तानी गरेको छ। संझौताको आधारमा १७.२४ प्रतिशत भेरीएसन भएको देखिन्छ। तर भेरीएसन गर्नुको कारण खुलाएको देखिएन। भेरीएसन आदेश स्वीकृत गरेको छैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

उपभोक्ता समिति मार्फत खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार लाभग्राही समुदायलाई दिएको कामको प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र सामाजिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था गरेको छ। साथै हेभि मेसिनहरु प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटील किसिमको प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायवाट सहमतिलिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने छ। तर निम्न अनुसारको उपभोक्ता समिति मार्फत गराएको हेभिईक्यूपमेन्ट प्रयोग गरेको कामको परीक्षण गर्दा लागत अनुमान तयार गर्दा डोजर रोलर जस्ता हेभि ईक्यूपमेन्टवाट काम गराउने दर लिएर लागत अनुमान गरेतापनि प्राविधिकले जटिल प्रकृतिको कार्य भनि उल्लेख गरेको तथा सार्वजनिक निकायवाट सहमति लिएको देखिएन। साथै प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको देखिएन।

<table>
<tr><th>मिति</th><th>भौ.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२०७८/०१/२०</td><td>८६</td><td>वडा नं १ कार्कीचौक दक्षीण धनमाया काम्बाङ्ग सन्चर चौक सम्म जाने सडक ग्राभेल उ भो स</td><td>१६९३३०८</td></tr>
<tr><td>२०७८/०१/२०</td><td>८५</td><td>वडा नं १ तिल बहादुर निरौलाको घर दक्षिण रामजानकी शिवालय सम्मबाटो ग्राभेल उपभोक्ता समिति</td><td>१२०२३१६</td></tr>
<tr><td>२०७७/०७/२</td><td>६</td><td>वाटो निर्माण वापतको रकम हुलाकी मार्ग देउनियाघाट उपभोक्ता समिति</td><td>९७१२०६</td></tr>
<tr><td>२०७८/०१/२०</td><td>८३</td><td>वडा नं १ को किरात चौक उत्तर मिठाराम बस्नेतको घर जाने सडक स्तरोन्नति उपभोक्ता समिति</td><td>९०३९९७</td></tr>
<tr><td>२०७८/०१/२०</td><td>८४</td><td>वडा नं १ को रामचौक पूर्व सत्सङ्ग मार्ग स्तरोन्नति तथा ग्राभेल उपभोक्ता समिति</td><td>८६१००८</td></tr>
<tr><td>२०७७/११/२३</td><td>५५</td><td>सिर्जना चौक भुसुडी खोला सम्म ग्राभेल उपभोक्ता समिति</td><td>८५७३७४</td></tr>
<tr><td>२०७७/१२/०९</td><td>६२</td><td>चतुरमान सिंह पाण्डब बस्ति ग्राभेल कामको रकम उपभोक्ता समिति</td><td>४८५५४४</td></tr>
<tr><td>२०७८।३।३०</td><td>२३८</td><td>सडक तथा गाउँ वस्ति उज्यालो कार्यक्रम उसलाई सोलार जडान कार्य</td><td>१३५८३११</td></tr>
</table>

.

</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>

ओमकारेश्वर झोलुङ्गे पुल

उक्त ६४ मिटर लम्वाई रहेको पुलको लागत अनुमान रु ४६०६९३७।२९ रहेको छ। जस मध्येवाट पालिकाले उक्त पुलकोलागि स्टिल पार्ट रु १५४९२०७ खरिद गरी भुक्तानी गरेको छ। पार्ट खरिद वाहेकको निर्माण कार्यको रु २६५१३१२।५२ को लागत अनुमान तयार गरी रु २६५३२७९।७२ को कार्य सम्पन्न गरि उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। यस निर्माण कार्यको लागि सहारा नेपाल मार्फत परामर्श सेवा लिए वापत रु २६२०४५।०१ र सुचना पकाशन वापत रु ११९३४० उपभोक्ता समितिलाई रु २५५९१७३।७७ भुक्तानी दिएको वांकी रकम जनश्रमदान वापतको रु९२१३८।७५ गरी जम्मा लागत रु ४५८३८७१ पर्न गएको छ। उक्त लागत अनुमान तयार गर्दा निर्माण भएको स्थानमा ३२ मिटरको पुल रहेको र त्यसलााई हटाउन समेत लागत अनुमान गरिएकोमा सो झोलुङ्गे पुलको के कति मुल्यको सामाग्री उक्त पुलमा प्रयोग गरीएको लागत अनुमानमा समावेश गरेको देखिएन। पुरानो पुलका समान के कतिमात्रामा प्रयोग भयो र वांकी सामानको अवस्था यकिन गरी खरिद कानुन तथा आर्थिक कार्यविधि कानुन अनुरुप व्यवस्थापन गरीनुपर्दछ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३	236	२०७८-३-३०	**पुर्वनिर्धारीत क्षतिपूर्ति** सा्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले म्यादभित्र सम्झौता सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति सम्झौता रकम को ०.०५% (१०% नबढ्ने गरी) लिनुपर्ने व्यवस्था गरेको छ। तर निम्नअनुसारको ठेक्काको निर्माणकार्य ढिलागरी सम्पन्न गरेकोले निम्नअनुसारको पूर्वनिर्धारीत क्षतिपूर्ति असुलगरी दाखिला गर्नुपर्ने रु	२९६,६६४

ठेक्का नं	निर्माण व्यवसायिको नाम	कवोल अंक मुअकर वाहेक	काम सम्पन्न गर्नुपर्ने	काम सम्पन्न गरेको	ढिला गरेको दिन	क्षतिपूर्ति रकम
१।culvert।२०७५।७६	नविन निर्माण सेवा	६८६६९८२	२०७७।५।२५	२०७७।७।२	३८	१३०४७३
5।culvert।२०७५।७७	लुङछाता विल्डर्स	३८८३४३८	२०७७।५।२५	२०७७।६।३०	३६	६९९०२
१३।२०७७।७८	चेसुङ एण्ड सेरेमा कन्ट्रक्सन	१५३०६९६.२३	२०७८।२।२०	२०७८।३।२१	32	२४४९१
SQ/10/2077.78	कटुवाल वन्धु कन्ट्रक्सन	११६६९७३.३१	२०७८।२।१५	२०७८।३।७	२३	१३४२०
SQ/9/2077/78	कटुवाल वन्धु कन्ट्रक्सन	११६००३३.२	२०७८।२।१६	२०७८।३।२५	४१	२३७८१
६-२०७६।७७	जयकृष्ण कन्ट्रक्सन कम्पनी	२५४२४३६	२०७८।३।२५	२०७८।३।२७	२	२५४२
०४-२०७६।७७	मां सखडा भगवति कन्ट्रक्सन एण्ड कम्पनी प्रालि	६४११०८८	२०७८।३।२०	२०७८।३।३०	१०	३२०५५
	जम्मा					२९६६६४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>

वेरीतको कर विजक

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । तर निम्न अनुसारका आपूर्तिकर्ता तथा निर्माण व्यवसायीले जारी गरेको विजक रितपूर्वक रहेको नदेखिएकोले मुल्यअभिवृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने रु

<table>
<tr><th>भौचर</th><th>मिति</th><th>विवरण</th><th>फर्म</th><th>विजक</th><th>रकम</th><th>भ्याट</th><th>कैफियत</th></tr>
<tr><td>२८</td><td>२०७८।३।२८</td><td>स्मार्ट वोर्ड खरिद</td><td>AK Suppliers Birtamode 4</td><td>१०।२०७८।३।२१</td><td>५०००००</td><td>६५०००</td><td>विजक नं हातले लेखेको</td></tr>
<tr><td>४</td><td>२०७७।७।२</td><td>रमाईलो चोक वाडांडा सडक</td><td>वल्डवाईड व्राईट कर्मा जेभि</td><td>२०७७।७।२</td><td>८१५७५३३</td><td>१०६०४७९.२४</td><td>विजक नं नवुझिने</td></tr>
<tr><td>१११</td><td>२०७८।२।११</td><td></td><td>वल्डवाईड व्राईट कर्मा जेभि</td><td>३।२०७८।२।४</td><td>५६४१८००</td><td>७३३४३४</td><td>कर विजक उल्लेख नभएको</td></tr>
<tr><td>२४</td><td>२०७८।३।६</td><td></td><td>खड्का कृष्ण रियर जभि</td><td>०१।२०७८।३।६</td><td>५५८५१८९</td><td>७२६०७४.५७</td><td>कर विजक नं केरमेट</td></tr>
<tr><td>२०८</td><td>२०७८।३।२९</td><td></td><td>Dev & Sayar/Sara Shristi/YPR JV</td><td>१।२०७८।३।२९</td><td>५५८६१९३</td><td>७२५९३७</td><td>कर विजक नभएको</td></tr>
<tr><td>१४१</td><td>२०७८।३।८</td><td>प्रसासनिक भवन</td><td>किरातेश्वर कन्ट्रक्सन एण्ड ड्रिलिङ्ग क प्रालि</td><td>४५।२०७८।३।८</td><td>३७८९०३७</td><td>४९२५७४.८६</td><td>कर विजक नं केरमेट</td></tr>
<tr><td>९९</td><td>२०७८।१।२७</td><td>प्रसासनिक भवन</td><td>किरातेश्वर कन्ट्रक्सन एण्ड ड्रिलिङ्ग क प्रालि</td><td>३७।२०७८।२।२७</td><td>५३९५१३३</td><td>७०१३६७.२७</td><td>कर विजक उल्लेख नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>३४६५४८८५</td><td>४५०४८६७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>

पेश्की व्यवस्थापन

सार्वजिनक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी मान्य भएको जमानत लिनुपर्ने व्यवस्था गरेको छ। साथै पहिलो पटकमा स्वीकृत पेश्की रकमको 50% नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिनुपर्ने ऐनको दफा ५२मा पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। तर ठेक्का नं १७ ।२०७७।७८ को गजुरेल निर्माण सेवालाई २० प्रतिशत पेश्की उपलव्ध गराएकोमा कार्य प्रगतिको आधार लिएको देखिएन। ठेक्का नं ११।२०७७।७८ को धुलिखेल झापाली जेभिलाई रु २२२००२५ पेश्की दिएकोमा पेश्की जमानतको म्याद समाप्त भईसकेकोले पेश्की जोखिममा परेको देखियो। पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नुपर्नेमा सोअनुसार गरेको देखिएन।

<table>
<tr><th>ठेक्का नं</th><th>निर्माण व्यवसायीको नाम र ठेगाना</th><th>पेस्कीजमानत (APG) रकम</th><th>म्याद सकिने मिति</th><th>काम समाप्त गर्नुपर्ने मिति</th><th>लागत अनुमान रकम</th><th>सम्झौता रकम</th><th>पेस्कीबाँकी</th></tr>
<tr><td>17-077/78</td><td>Gajurel Nirman Sewa</td><td>1094000</td><td>2022 june 15</td><td>01-02-79</td><td>9313990</td><td>5470653</td><td>1094000</td></tr>
<tr><td>04-077/78</td><td>Kankai International Builder pvt ltd</td><td>4150000</td><td>2022 july 16</td><td>20-01-79</td><td>79871990</td><td>54488627</td><td>4150000</td></tr>
<tr><td>06-077/78</td><td>Dev & Sayar/Sara Shristi/YPR JV</td><td>5500000</td><td>2079.01.04</td><td>20-01-79</td><td>96197311</td><td>64148918</td><td>4237574</td></tr>
<tr><td>11/076/077</td><td>Dhulikhel Jhapali Jv</td><td>३१०००००</td><td>२०७८।३।१५</td><td>२०७८।०८।३० म्यद थप</td><td>53954411</td><td>35984919</td><td>2220025</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**लागत अनुमान** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिदको लागि लागत अनुमान तयार तथा स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले निम्नअनुसारका ठेक्काको सुचना प्रकाशन पस्चात मात्र लागत अनुमान स्वीकृत गरेको देखियो। कानुनमा भएको व्यवस्था वमोजिम लागत अनुमान स्वीकृत गरेपछी मात्र वोलपत्र निश्काशन सम्वन्धि कार्य अगाडी वढाउनु पर्ने देखिन्छ।	

ठेक्का नं	निर्माण व्यवसायीको नाम र ठेगाना	लागत अनुमान रकम	सम्झौता रकम	भुक्तानी	सुचना प्रकाशन	लागत अनुमान स्वीकृत
04-077/78	Kankai International Builder pvt ltd	79871990	54488627	0	२०७७ पौष १२	२०७७ पौष २३
05-077/78	Khanal Evergreen JV	53142783	29661594	5766816		
03-077/78	Dragon New shiva Sakti Jv	53435632	32686626	5943223		
06-077/78	Dev & Sayar/Sara Shristi/YPR JV	96197311	64148918	6312130		
			जम्मा	30642230		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**विमाको म्याद** सार्वनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको बीमा गराउनु पर्ने उल्लेख गरेको छ तर निम्न अनुसारका १० लाख भन्दा वढी लागत अनुमान भएका निर्माणकार्यको कार्य संचालन भई सक्दा समेत विमा गराएको देखिएन । साथै म्याद थप भएको निर्माण कार्यको विमा अवधि समेत थप गरेको देखिएन। तशर्थ निम्न अनुसारका निर्माण कार्यको विमा गरी हुन सक्ने जोखिम न्यूनिकरण तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	

ठेक्का नं	निर्माण व्यवसायीको नाम र ठेगाना	काम समाप्त गर्नुपर्ने मिति	म्याद थप भएकोमा कायम भएको मिति	लागत अनुमान रकम	सम्झौता रकम	हाल सम्म भुक्तानी रकम
HRM/WORKS/BUILDING/NCB/08-077/78	Jay Gadimai Construction	20-02-78	30-08-78	5703538.397	3711215.57	1915341.6
HRM/WORKS/ROAD/NCB/04-077/78	Kankai International Builder pvt ltd	20-01-79		79871990.3	54488626.77	
HRM/WORKS/ROAD/NCB/03-077/78	Dragon New shiva Sakti Jv	2079-01`-20		53435631.66	32686626.23	5943222.91
HRM/WORKS/ROAD/NCB/06-077/78	Dev & Sayar/Sara Shristi/YPR JV	20-01-79		96197311.1	64148918.2	6312130.17
Works/Building/06/HRM/075/076	Khadga krishana rear jv	2078.01.01	२०७८।०६।३०	35273338.59	26289419.4	22922215.82
Works/NCB/Building/08/HRM/075/076	Kirateshwar construction ans driling company	2078.03.30	२०७८।८।२९	55102861.49	39079303.4	31266525.96
Works/NCB/Park/09/HRM/075/076	cm/r&c/nayayug jv	२०७७।१२।३०	२०७८।०८।३०	65073460.06	47749524.26	32133327.64
Works/Road/11/HRM/076/077	Dhulikhel Jhapali Jv		२०७८।०८।३०	53954411.04	35984918.87	16043674.58
Works/Road/11/HRM/075/076	world wide Bright karma jv		२०७८।०८।३०	99930919.93	56913291.7	43795030.85

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>
भेरिएसन आदेश
सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा संम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति, सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा भेरिएशन आदेश जारी गर्न सक्ने भेरिएशन आदेशको स्पष्ट कारण खुलाउनुपर्ने, भेरिएशन आदेश स्विकृत गर्ने अधिकारी लगायत सम्वन्धी व्यवस्था गरेको छ। पालिकामा सार्वजनिक खरिद ऐनको अधिनमारही भेरिएसन स्वीकृत गर्ने अधिकारी सम्वन्धी व्यवस्था गरेको देखिएन। निम्न अनुसारको काममा २३।५० प्रतिशत वढि देखि १२।४१ प्रतिशत घटी सम्म भेरिएसन भएकोमा १ निर्माण कार्यको गाउँ कार्यपालिमावाट भेरिएसन आदेश स्वीकृत गरेको देखियो। अन्य निर्माण कार्यको भेरीएसन आदेश स्वीकृत गरेको देखिएन। भेरीएसन आदेश स्वीकृत गर्दा स्पष्ट कारण समेत खुलाएको देखिएन।
<table>
<tr><th>ठेक्का नं</th><th>कार्य सम्पन्न भएको मिति</th><th>लागत अनुमान रकम</th><th>सम्झौता रकम</th><th>सम्पन्न कार्य</th><th>भेरीएसन</th><th>भेरीएसन प्रतिशत</th><th>कैफियत</th></tr>
<tr><td>HRM/WORKS/BUILDING/NCB/13-077/78</td><td>१८।०२।२०७८</td><td>२९६४९०७।५९</td><td>१७२९६८६।७४</td><td>१५१४९९१।४७</td><td>(२१४६९५।२७</td><td>(१२।४१</td><td>स्वीकृत नभएको</td></tr>
<tr><td>HRM/WORKS/BUILDING/SQ/10-077/78</td><td>०२।१२।२०७८</td><td>१९८०३१५।१३५</td><td>१३१८६७९।८५</td><td>११७५७६१।१</td><td>(१४२९१८।७५</td><td>(१०।८४</td><td>स्वीकृत नभएको</td></tr>
<tr><td>HRM/WORK/BUILDING/SQ/09-077/78</td><td>०२।१२।२०७८</td><td>१९८०३१५।१३५</td><td>१३१०८३७।५२</td><td>११९७६४५</td><td>(११३१९२।५२</td><td>(८।६४</td><td>स्वीकृत नभएको</td></tr>
<tr><td>04/Building/NCB/HRM/076/077</td><td>२६।०३।२०७८</td><td>९०७२९९४।६५३</td><td>७२४४५३०।०२</td><td>६७४६०२७।२०३</td><td>(४९८५०२।८१७</td><td>(६।८८</td><td>स्वीकृत नभएको</td></tr>
<tr><td>HRM/WORKS/GABION/NCB/18-077/78</td><td>१५।०३।२०७८</td><td>२९८०६८८।१८</td><td>१७७५३८५।८</td><td>१६८५६६३।०६</td><td>(८९७२२।७४</td><td>(५।०५</td><td>स्वीकृत नभएको</td></tr>
<tr><td>HRM/WORKS/ROAD/NCB/15-077/78</td><td>१६।०३।२०७८</td><td>३४९९५२१।६७</td><td>२४०३७८३।७८</td><td>२९६८६३०।९३</td><td>५६४८४७।१५</td><td>२३।५०</td><td>भेरिएसन आदेश गाउँ कार्यपालिकावाट स्वीकृत</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
खानेपानी पाईप खरिद
संघिय शसर्त कार्यक्रम अन्तर्गतको अल्पसंख्यक समुदाय (मेचे सन्थाल राजवंशी आदी) लक्षित खानेपानी वितरण कार्यक्रममा रु २ करोड विनियोजन भएकोमा पाईप खरिद गर्न ठेक्का नं HRM/GOODS/NCB/02-077/78 को लागत अनुमान रु १९९९७४८७।१० गरी वोलपत्रको माध्यमवाट नेपाल प्लास्टिक प्रालि संग रु १२६२००८२।७९मा संझौता गरी पाईप तथा फिटीङ्सका सामान आपूर्ति गरेको छ। पालिकाले पुन: वचत रकमवाट पाईप तथा फिटिङ्सका सामान खरिद गर्न वोलपत्र ठेक्का नंHRM/GOODS/NCB/21-077/78 मार्फत लागत अनुमान रु६९५६११३।८९ कायम गरी पाल प्लास्टिक प्रालि संग नै रु५५४८७३०।८३ मा आपूर्ति गर्न संझौता गरी सामान आपूर्ति गरेको छ। पुन: वचत रकमवाट पाईप गाड्ने कामको लागि सिलवन्दी दरभाउपत्रको ठेक्का नं SQ/22-77/78 को लागत अनुमान रु१९९९५५९।५७ कायम गरी सिद्धिदातृ ईन्जिनियरीङ लाई रु१७४२८१७।८७ मा कार्य गर्ने गरी संझौता गरी मौज्दातमा रहेका पाईप मध्येवाट गाड्ने कार्य सम्पन्न गरेको छ। खरिद गरीएका पाईप मध्ये निम्न अनुसारका पाईप जडान नगरि मौज्दात नै राखीएको
</td><td>१३,९७०,००३.९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ। निर्माण कार्य गर्दा स्थान निर्धारण गरेर मात्र योजनामा आवश्यक पर्ने सामान खरिद गर्नु पर्नेमा सवै विनियोजित वजेट सिध्याउने तरीकाले सामान खरिद गरी मौज्दात राख्नु उचित देखिएन। खरिद गरेको सामान laying and joining नगरी भण्डारण गरेर राख्नु उचित देखिएन। कार्यालयले निम्नअनुसारको पाईप खरिद गरी मौज्दात राखेको पाईपको Laying and joining को प्रमाण पेश हुनुपर्ने रु	

क्र.स	खरिद विवरण	ईकाई	मौज्दात	
			परीमाण	रकम
1	225mm dia PN 6	m	100.0	122900.0
2	250mm dia PN 6	m	50.0	75500.0
3	140mm dia PN 6	m	50.0	23900.0
4	125mm dia PN 6	m	50.0	19000.0
5	110mm dia PN 6	m	50.0	14650.0
6	90mm dia PN 10	m	3116.0	969076.0
7	75mm dia PN 10	m	4396.0	953932.0
8	63mm dia PN 10	m	14400.0	2203200.0
9	50mm dia PN 10	m	18571.0	1782816.0
10	40mm dia PN 10	m	13100.0	825300.0
11	20mm dia PN 16	m	6000.8	138018.9
12	HDP Saddle 90mm	no	50.0	11600.0
13	HDP Saddle 75mm	no	50.0	10500.0
14	HDP Saddle 63mm	no	70.0	12320.0
15	HDP Saddle 50mm	no	50.0	6500.0
16	HDP Saddle 40mm	no	50.0	5050.0
17	½” GM Brass Ferrule	no	485.0	271600.0
18	½” GI Pipe Medium Class	no	1147.0	217930.0
19	½” Water Meter	no	485.0	572300.0
20	½” GI Elbow	no	2425.0	65475.0
21	½” GI Socket	no	970.0	23280.0
22	½” GI Union	no	485.0	37345.0

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				23	½” Brass Globe Valv	no	485.0	306520.0		
				24	½” GI Nipple 2” Long	no	970.0	19400.0		
				25	½” GI Nipple 6” Long	no	970.0	56260.0		
				26	½” Brass Bib Cock	no	485.0	315250.0		
				27	225mm dia PN 6	m	1900.0	2926000.0		
				28	225mm dia PN 10	m	300.0	717600.0		
				29	HDP Saddle 90mm	no	35.0	8400.0		
				30	HDP Saddle 75mm	no	35.0	7315.0		
				31	HDP Saddle 63mm	no	50.0	9250.0		
				32	HDP Saddle 50mm	no	35.0	4900.0		
				33	HDP Saddle 40mm	no	35.0	3780.0		
				34	½” GM Brass Ferrule	no	280.0	231000.0		
				35	½” GI Pipe Medium Class	no	901.0	194616.0		
				36	½” Water Meter	no	280.0	308000.0		
				37	½” GI Elbow	no	1400.0	46200.0		
				38	½” GI Socket	no	560.0	16800.0		
				39	½” GI Union	no	280.0	22680.0		
				40	½” Brass Globe Valv	no	280.0	215600.0		
				41	½” GI Nipple 2” Long	no	560.0	10640.0		
				42	½” GI Nipple 6” Long	no	560.0	30800.0		
				43	½” Brass Bib Cock	no	280.0	156800.0		
					जम्मा			13970003.9		
४०			अनुगमन तथा सम्परीक्षण **बेरुजू सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ सो व्यवस्था अन्तरगत पालिकाले यस वर्ष देहाय बमोजिम फछ्र्यौट गरी रु ४५१४६४०/- बेरुजू संपरीक्षणको लागि अनुरोध गरेकोमा रु. ३५०००२२/- सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट प्रतिवेदनमा उल्लेख गरिएको छ । यस वर्ष फछ्र्यौट भएको बेरुजूको स्थिति निम्नानुसार रहेको छ ।							

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				आ.व.	दफा नं.	सम्परीक्षणको व्यहोरा र ठहर	संपरीक्षण रकम		
				२०७७/७८	१७	तालिममा उपस्थित भएका सहभागीहरुको हाजिरी विवरण पेश भएको ।	३९४००		
				२०७७/७८	१७	फुलको विरुवा वितरण भएको प्रमाण पेश भएको ।	३४४७५		
				२०७७/७८	२१	पालिका भित्र उत्कृष्ट जिपिए ल्याउने र नेत्रहिन विद्यार्थीलाई ल्यापटप वितरण भएको प्रमाण पेश ।	४३९३०३		
				२०७७/७८	२३	बढी बैडक भुक्तानी वापत होम प्र. चुडाल, जय प्र.पोखरेल, गितादेवी तिम्सिना भण्डारी, पवित्रा सेन्चुउरी, महेशलाल मेचे र केदार प्र.उप्रेती बाट रु ८५० का दरले असुल गरी दाखिला भएको प्रमाण पेश ।	५१००		
				२०७७/७८	२४	मर्मत आदेश वेगर गरेको खर्च सभाबाट नियमित भइ पेश भएको ।	५३८१६९		
				२०७७/७८	२१	वितरणको भरपाई तथा मौज्दातको विवरण पेश ।	७२५४६		
				२०७७/७८	२१	खेलकुदका सामाग्री वितरण भएको प्रमाण पेश ।	४६७००		
				२०७७/७८	२१	हस्तान्तरण तथा दाखिला भएको प्रमाण पेश ।	९१००		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	१५२५५		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	६०००		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	१४६९५		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	२९००		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	९७५००		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	५१००		
				२०७७/७८	२५	सामान कार्यालयको जिन्सी खातामा आम्दानी भएको प्रमाण पेश ।	१००००		
				२०७७/७८	३८क	असुल उपर गरेको प्रमाण पेश	२८२९		
				२०७७/७८	३८ ग	सिचाइ मोटर जडान सम्बन्धमा सभाबाट नियमित गरी पेश भएको ।	२८६१६		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२०७७/७८	३८घ	विगतमा फछ्र्यौट भएको पेश्की पुनः सुत्रप्रणालीमा समावेश गरेकोले सभाबाट नियमित गरी पेश भएको ।	१४५५००		
				२०७७/७८	४६	अमानातबाट भएको कार्यको सभाबाट नियमित गरी पेश भएको ।	२०००९५		
				२०७७/७८	४८ क	स्वीकृत रकम भन्दा बढी भुक्तानी भएको खर्च सभाबाट नियमित गरी पेश भएको ।	१३२८३९३४		
				२०७७/७८	४८घ	प्रदशे सरकारबाट रु २०००००/- आम्दानी भएको प्रमाण पेश ।	२००००००		
				२०७७/७८	५१	बैक दाखिला भएको भौचर पेश भएको ।	१४६७१		
				२०७७/७८	५५	धरौटी कट्टी नगरी भुक्तानी दिएको रकम डिएलपी समाप्त भएको प्राविधिक प्रतिवेदन अनुसार खरावी नभएको भनी सभाबाट नियमित भइ पेश भएको ।	९५०००		
				२०७७/७८	५८	कन्टिन्जेन्सीबाट बैठक भत्ता भुक्तानी भएको सभाबाट नियमित भइ पेश भएको ।	४७२२००		
				२०७७/७८	५९	वितरणको भरपाई तथा अनुगमनको प्रतिवेदन पेश ।	५००००		
				२०७७/७८	६१	पाठ्यपुस्त खरिद गरेको विल तथा विद्यार्थीलाई हस्तान्तरण गरेको भरपाई पेश ।	२८२७७०		
				२०७७/७८	६२	सेनेटरी प्याड वितरण गरेको भर्पाइ पेश ।	३५१६७८		
				२०७७/७८	६३	शीर्षक विपरित खर्च भएको रकम गाउँसभाबाट नियमित भई पेश भएको ।	२९६०००		
						जम्मा	१८५५९५३६		
४१			अद्यावधिक वेरुजु अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रु. हजारमा)						

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
३९२४१	१८५६०	३२२६२	०	५२९४३